नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
# परीक्षा नियन्त्रण कार्यालय कक्षा १०
सानोठिमी, भक्तपुर

## २०७९ सालमा सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा कक्षा-१० (एसइइ) मा समावेश हुनका लागि आवेदन फाराम भर्ने भराउने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति: २०७९।०८।०८

२०७९ सालको एसइइ परीक्षामा सामावेश हुनका लागि शैक्षिक सत्र २०७९ सालमा कक्षा १० मा नियमित रुपमा अध्ययनरत विद्यार्थीहरुले (माध्यमिक तहको खुला तथा वैकल्पिक विद्यालय, अनौपचारिक प्रौढ विद्यालय र प्राविधिक धार तर्फका विद्यालयमा अध्ययनरत विद्यार्थीहरु समेत) **२०७९ मंसिर ०८ गतेदेखि २०७९ पौष १० गते भित्र** आवेदन फाराम भर्ने भराउने कार्यका लागि सम्बन्धित सबै शिक्षा विकास निर्देशनालय, राष्ट्रिय परीक्षा बोर्ड प्रदेश/शाखा कार्यालय, शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय तहका शिक्षा शाखा, विद्यालय तथा विद्यार्थीको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **साधारण तथा प्राविधिक धारतर्फका विद्यालयमा हाल कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूका लागि**

हाल कक्षा १० मा नियमित विद्यार्थीको रूपमा अध्ययनरत विद्यार्थीहरूले: **(क)** रजिस्ट्रेशनको अर्धकट्टीको प्रतिलिपि **(ख)** शैक्षिक सत्र २०७७ वा सो भन्दा पहिले आधारभुत तह (कक्षा ८) उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि **(ग)** जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (प्रधानाध्यापकबाट प्रमाणित) संलग्न गरी विद्यालय पोशाकमा हालसालै खिचिएको पासपोर्ट साइजको दुई प्रति फोटो निर्दिष्ट ठाउँमा टाँसी आवेदन फाराम भरी प्रति परीक्षार्थी परीक्षा दस्तुर रु. ५००।- (पाँच सय) सहित **२०७९ पौष १० गते भित्र** सम्बन्धित विद्यालयमा बुझाइ सक्नुपर्ने छ ।

२. **खुला, वैकल्पिक तथा अनौपचारिक प्रौढ विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि**

(क) दुर शिक्षा/खुला सिकाई कार्यक्रम सञ्चालन निर्देशिका, (संशोधन सहित) २०६३ को दफा १५ र १७ अनुसार भर्ना भइ निर्देशिकाले तोकेको सबै शर्तहरु पूरा गरेको सिफारिस सहित प्रधानाध्यापकले प्रमाणित गरेको कागजात संलग्न गरी हालसालै खिचिएको पासपोर्ट साइजको दुई प्रति फोटो निर्दिष्ट ठाउँमा टाँसी फाराम भरी प्रति परीक्षार्थी परीक्षा दस्तुर रु. ५००।- (पाँच सय) सहित **२०७९ पौष १० गते भित्र** सम्बन्धित विद्यालयमा बुझाइ सक्नुपर्ने छ । खुला वैकल्पिक तर्फका विद्यार्थीहरुले निर्देशिका बमोजिम कक्षा ८ वा सो सरहको आधारभुत तह उत्तीर्ण गरी दुई वर्ष पुगेको **(शैक्षिक सत्र २०७७ वा सोभन्दा पहिले)** प्रमाणपत्र **(प्रमाणपत्र जारी गर्ने निकायबाट यो सूचना प्रकाशित भए पछि भेरिफिकेशन गरिएको)** र जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि प्रधानाध्यापकबाट प्रमाणित गरी पेश गर्नुपर्ने छ । अनौपचारिक प्रौढ विद्यालय वा खुला वैकल्पिक विद्यालयको बारेमा समन्वय इकाईहरुले विद्यालयको अनुमति पत्र लगायत अन्य कागजात हेरी निर्देशिका बमोजिमको विद्यार्थी भए नभएको एकीन गर्नुपर्नेछ ।

(ख) अनौपचारिक प्रौढ विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले प्रौढहरूका लागि सञ्चालित अनौपचारिक विद्यालय सञ्चालन निर्देशिका २०६५ ले तोकेको सबै सर्तहरू पूरा गरेको सिफारिस सहित सम्बन्धित प्रधानाध्यापकले प्रमाणित गरेको कागजात संलग्न गरी पासपोर्ट साइजको दुईप्रति फोटो निर्दिष्ट ठाउँमा टाँसी फाराम भरी प्रति परीक्षार्थी परीक्षा दस्तुर रु. ५००।- (पाँच सय) सहित **२०७९ पौष १० गते भित्र** सम्बन्धित विद्यालयमा बुझाइ सक्नुपर्ने छ ।

३. विद्यालयहरुले उल्लेखित बुँदा नं. १ र २ अनुसार आवेदन फाराम भर्ने विद्यार्थीहरूको नाम, थर, जन्ममिति र परीक्षा दिने विषयहरू ठीकसँग भरे नभरेको रूजु गरी पछिसम्म फरक नपर्ने गरी प्रमाणित गरी अंग्रेजी अल्फावेटको बढ्दो क्रममा फारामहरु राखी समष्टिगत र फारामको क्रम मिले नमिलेको जाँच गरी परीक्षा दस्तुर वापतको राजश्व जम्मा गरेको भौचर वा नगदी रसिद समेत संलग्न राखी **२०७९ पौष १७ गते भित्र** उक्त फाराम शिक्षा विकास तथा समन्वय इकाइमा बुझाइ सक्नुपर्ने छ ।

४. परीक्षा दस्तुर वापतको राजश्व विद्यालयहरुले शिक्षा विकास तथा समन्वय इकाइ वा बैंकमा जम्मा गरिसक्ने अन्तिम मिति **२०७९ पौष ११** गतेसम्म र शिक्षा विकास तथा समन्वय इकाइहरुले बैंकमा जम्मा गरिसक्ने अन्तिम मिति **२०७९ पौष १७** गतेसम्म कायम गरिएको छ । **राजश्व शीर्षक नं. १४२२३ रहेको छ ।**

५. शिक्षा विकास तथा समन्वय इकाईहरुले प्राप्त आवेदन फाराम कम्प्युटरमा Entry गरी रुजु समेत गरी Electronic copy मिति **२०७९ साल माघ ०७ गते भित्र** राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० र सम्बन्धित शिक्षा विकास निर्देशनालयमा पठाइ सक्नुपर्ने छ ।

६. राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय कक्षा १० तथा सम्बन्धित शिक्षा विकास निर्देशनालयको समन्वयमा शिक्षा विकास तथा समन्वय इकाईहरुले पनिका कक्षा १० वाट पठाए अनुसारको आठ अंकको सिम्वोल नम्बर र अल्फावेट समेत कायम गरी प्रवेशपत्र उपलब्ध गराउनु पर्ने छ । सम्बन्धित शिक्षा विकास निर्देशनालयसँगको समन्वयमा शिक्षा विकास तथा समन्वय इकाईहरुले **२०७९ माघ** मसान्त भित्र अनिवार्यरुपमा परीक्षा केन्द्र निर्धारण गरी जिल्ला परीक्षा समन्वय समितिबाट निर्णय गराई पनिका कक्षा १० र सम्बन्धित शिक्षा विकास निर्देशनालयमा पठाइ सक्नुपर्नेछ । परीक्षा केन्द्र कायम गर्दा विद्यार्थीहरुलाई पायक पर्ने गरी र इमेल, इन्टरनेट, प्रिन्टर, फोटोकपी र व्याकअप भएका विद्यालयहरुलाई प्राथमिकता दिनु पर्नेछ । परीक्षा केन्द्र निर्धारण गर्दा विद्यालयहरुको नाम र कोड नम्बर उल्लेख गर्नु पर्नेछ । परीक्षा केन्द्र निर्धारण गर्दा एउटा विद्यालयका सबै विद्यार्थीहरु (नियमित, ग्रेडवृद्धि र प्राविधिक) एउटै केन्द्रमा पर्ने गरी परीक्षा केन्द्र निर्धारण गर्नुपर्नेछ ।

७. स्वीकृत फारामको अभिलेख प्रति (Office Copy) राष्ट्रिय परीक्षा बोर्डले माग गरेको बेला प्रस्तुत गर्ने गरी सुरक्षित राख्ने र प्रवेशपत्र (Student Copy) को शिक्षा विकास तथा समन्वय इकाईले सिम्वोल नम्बर कायम गरी सम्बन्धित विद्यार्थीले परीक्षाको समयमा प्राप्त गर्ने गरी विद्यालय मार्फत वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

८. आवेदन फाराम भर्ने विद्यार्थीले आफू नियमित रूपमा अध्ययन गरेको विद्यालयबाट मात्र आवेदन फाराम भर्नुपर्नेछ । एकभन्दा बढी विद्यालय वा स्थानबाट फाराम भरेको पाइएमा त्यस्ता दुबै तर्फका फारामहरु रद्द गरिनेछन् । कक्षा १० मा अन्य विद्यालय तथा जिल्लाबाट स्थानान्तरण भई नयाँ भर्ना हुन आउने विद्यार्थीको हकमा संशोधित शिक्षा नियमावली अनुसार गर्ने र त्यस्ता खाले विद्यार्थीको छुट्टै अभिलेख राखी पनिका र सम्बन्धित शिक्षा विकास निर्देशनालयमा पठाउनु पर्नेछ ।

९. तोकिएको समयभित्र आवेदन फाराम नभर्ने विद्यार्थीहरुले एसइइ परीक्षा २०७९ मा सामेल हुन पाउने छैनन् । त्यसका लागि सम्बन्धित विद्यालयहरुले समयमै सबै विद्यार्थीवाट फाराम भराउने व्यवस्था मिलाउनु पर्नेछ ।

१०. विद्यालयले प्रयोगात्मक अंक तालिका र अन्य विवरण सहितका कागजात २०७९ फागुन २० गते भित्र शिक्षा विकास तथा समन्वय इकाईमा बुझाउने र इकाईले २०७९ फागुन मसान्त भित्र राजश्वको विवरण, अयोग्य विद्यार्थीहरुको विवरण र विद्यार्थीहरुको प्रयोगात्मक अंक समेत पनिकामा अनिवार्य आइपुग्ने गरी पठाउनु पर्नेछ । **राजश्वको विवरण पठाउँदा विद्यालय कोडको बढ्दो क्रममा विद्यालयगत विद्यार्थी संख्या र विद्यालयले बुझाएको राजश्व रकम स्पष्ट खुल्ने गरी पठाउनुपर्ने छ ।**

११. खुला वैकल्पिक तथा अनौपचारिक प्रौढ विद्यालयहरुले रजिष्ट्रेशन र आवेदन सँगै भर्नुपर्नेछ ।

१२. ग्रेडवृद्धि तर्फ (साधारण, प्राविधिक, खुला तथा वैकल्पिक र अनौपचारिक प्रौढ विद्यालयका परीक्षार्थी)

अ. लेटर ग्रेडिङ निर्देशिका, २०७८ को दफा ७ (२) ङ अनुसार २०७८ सालको परीक्षामा नियमित परीक्षार्थीका रुपमा सहभागी भई सबै विषयमा तोकिएको ग्रेड प्राप्त गर्न नसकेका विद्यार्थीको हकमा बढिमा २ विषय सम्म ग्रेडवृद्धि परीक्षामा सहभागी भई तोकिएको न्युनतम ग्रेड प्राप्त गर्न नसकेका परीक्षार्थीको हकमा ती विषयमा मात्र परीक्षा आवेदन फाराम भर्नु पर्नेछ ।

आ. तीन वा सो भन्दा वढी विषयमा तोकिएको ग्रेड प्राप्त गर्न नसकेका परीक्षार्थीहरुले सबै विषयमा परीक्षा आवेदन फाराम भर्नु पर्नेछ । आवेदन फाराम भर्दा परीक्षार्थीले आफूले नियमित अध्ययन गरेको विद्यालयबाट नै भर्नुपर्नेछ । एक विद्यालयले अर्को विद्यालयमा अध्ययन गरेका विद्यार्थीको आवेदन फाराम भराउन पाइने छैन । अन्य विद्यालयबाट आवेदन फाराम भराएमा स्वतः रद्द हुनेछ ।

इ. परीक्षार्थीहरुले हालसालै खिचेको पासपोर्ट साइजको २ प्रति फोटो टाँसी आबेदन फाराम भरी देहायका कागजात संलग्न राखी प्रति विद्यार्थी रु ५००। (पाँच सय) सहित २०७९ पौष १० गते भित्र आवेदन फाराम भरी सम्बन्धित विद्यालयमा बुझाउनु पर्नेछ ।

क) रजिष्ट्रेशन स्लिपको प्रतिलिपी

ख) ग्रेडसिटको प्रतिलिपी

ई) ग्रेडबृद्धि तर्फका परीक्षार्थीहरुले **पहेंलो रङको फाराम** मात्र प्रयोग गर्नु पर्नेछ ।

१३. सम्बन्धित शिक्षा विकास निर्देशनालयहरुले उल्लेखित सूचना बमोजिम विद्यार्थीहरुको परीक्षा आवेदन फाराम भराउने तथा परीक्षा केन्द्र कायम गर्ने लगायतका कार्यहरुमा सम्बन्धित प्रदेश अन्तरगतका शिक्षा विकास तथा समन्वय इकाइहरुलाई सहजीकरण गर्ने व्यवस्था मिलाउनु हुन ।

नोट: **शैक्षिक सत्र २०७८ मा कक्षा ९ मा अध्ययन गरेका र उमेर हदका कारण रजिष्ट्रेशन फाराम भर्न नपाएका, हाल कक्षा १० मा नियमितरुपमा अध्ययन गरिरहेका विद्यार्थीको हकमा रजिष्ट्रेशन फाराम समेत भराइ रजिष्ट्रेशन नं कायम गरी आवेदन फाराम भर्ने व्यवस्था गर्नुहुन ।**

यस सम्बन्धी सूचना एवम् जानकारी राष्ट्रिय परीक्षा बोर्डको **Website: www.neb.gov.np,** परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को फोन. ०१–६६३०८१९ मा सम्पर्क गरेर वा **Website: www.see.gov.np** सम्बन्धित प्रदेश शिक्षा विकास निर्देशनालयको वेवसाइट हेरेर प्राप्त गर्न सकिनेछ ।

**परीक्षा नियन्त्रक**